# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**office of Municipal Executive**

**Bharatpur, Chitwan, Nepal**

फोन नं;-०५६-५१२४१६

च.नं. ८६९

पत्र सख्या २०८०/८१

मिति २०८०/०९/२०

**विषय : आवश्यक सहयोग सम्बन्धमा ।**

श्री वडा अध्यक्ष्य ज्यूहरु

(वडा नं. १ देखि २९ सम्म) सबै ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा ४१ मा 'ज्येष्ठ नागरिकहरुलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भन्ने उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा पालिकाको अधिकार सम्बन्धी उपदफा (त) को २, ३, ४ मा व्यवस्था भए बमोजिम ज्येष्ठ नागरिकको लगत अद्यावधिक गर्ने, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण, ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापनका कार्य गर्न उल्लेख भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

ज्येष्ठ नागरिकहरुको हक अधिकार संरक्षण र सम्बर्द्धनका साथै उनीहरुको अनुभवजन्य सिकाईलाई नवपुस्तामा हस्तान्तरण गर्नु आजको अपरिहार्यता बनेको छ । सो सम्बन्धमा ज्येष्ठ नागरिक संघ चितवनले यस जिल्लाका सबै पालिकाहरुसँग समन्वय गरी वडास्तरमा ज्येष्ठ नागरिकहरुको मर्यादित जीवन यापन गर्न र सक्रिय ज्येष्ठ नागरिकहरुलाई वडा तहमा समेटी महानगर स्तरमा ज्येष्ठ नागरिक संघसँग आवद्धता गराउने उद्धेश्य राखी पटक पटक समन्वयका लागि अनुरोध भै आएको र उक्त संस्थाको विधान २०६९ (दोस्रो संसोधन २०७९/०१/०८) को दफा (१३, ख) मा वडास्तरमा ज्येष्ठ नागरिक उपशाखा (समिति गठन) खोल्न सकिने भन्ने प्रावधान भएकाले ताहाँ वडामा आवश्यक समन्वयका लागि आउनु हुने ज्येष्ठ नागरिक संघ चितवनका पदाधिकारी/प्रतिनिधिहरुलाई आवश्यक सहयोग गरी दिन हुन अनुरोध छ ।

०८०/९/२०

शान्ताकुमारी पौडेल

**निर्देशक (अधिकृतस्तर दशौं)**

महाशाखा प्रमुख

**बोधार्थ :**

श्री ज्येष्ठ नागरिक संघ, भरतपुर चितवन ।